# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नरहरिनाथ गाउँपालिका
## कालिकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नरहरिनाथ गाउँपालिका

## कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## नरहरिनाथ गाउँपालिका

## कालिकोट

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण निर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नरहरीनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कालिकोट ।

**कैफियत सहितको राय**

हामीले नरहरीनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ७२ लाख ३१ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१७ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ८० लाख ७९ हजार, नियमित गर्नुपर्ने रु. ४६ लाख ४१ हजार र पेश्की रू.२८ लाख ४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.८ करोड ९५ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ६७ लाख ८१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.......................)

नायब महालेखापरीक्षक

नरहरीनाथ गाउँपालिका, कालिकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४२ | २२ | ४७२३१ | ० | ० | ० | ४२ | २२ | ४७२३१ | १७०७ | ४६४१ | ३८०७९ | ० | ० | ४२७२० | २८०४ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नरहरीनाथ गाउँपालिका कालिकोट | ८९५५० | ० | ० | ८९५५० | ० | ४७२३१ | १३६७८१ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : नरहरीनाथ गाउँपालिका, कालिकोट , नरहरिनाथ गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhalaram Pangali | २०७९-५-२९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Kaviraj Neupane | २०७८-५-२४ | २०७८-१२-१३ |
| लेखा प्रमुख | Ramesh KC | २०७६-९-१० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४७,२३०,६१८.९७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,८३,९९,९२० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०,४६,९८,६५६ | **चालु खर्च** | ४६,५४,०१,१२५.०२ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,३०,०६,८६२ | **पूँजीगत खर्च** | १९,५०,९४,०२१.२८ |
| **राजश्व बाँडफाँट** | ७,०२,३०,१७७.१२ | **वित्तीय/अन्य व्यवस्था** | १०,६७,२३८ |
| **आन्तरिक आय** | १२,५२,२८५ | | |
| **अन्य आय** | ७,०९,६४,३०० | | |
| **कुल आय** | ६९,०१,५२,२८०.१२ | **कुल खर्च** | ६६,१५,६२,३८४.३ |
| **बाँकी मौज्दात** | | ५,१९,०२,८२७.८२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४६ सभा सदस्य, १४३ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार १८३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणको विधि**<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(NAMS) बाट लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०६।०५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **स्थानीय संञ्चित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।<br><br>**आयतर्फ** \| **व्ययतर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
|---|---|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | 28,399,920.00 | 29,652,205.00 | आन्तरिक श्रोत | | 27,096,759.00 |
| आन्तरिक राजस्व | 1,252,285.00 | | चालु | 12,227,465.00 | |
| | | | पुँजिगत | 14,869,294.00 | |
| संघियराजस्व बाँडफाँड | 69,858,497.32 | 69,858,497.32 | राजस्व बाँडफाँड | | 69,564,276.82 |
| | | | चालु | 63,907,500.54 | |
| | | | पुँजिगत | 5,656,776.28 | |
| वित्तिय समानीकरण अनुदान | 124,600,000.00 | 124,600,000.00 | वित्तिय समानीकरण अनुदान | | 98,495,484.38 |
| | | | चालु | 36,620,772.38 | |
| | | | पुँजिगत | 61,874,712.00 | |
| सशर्त अनुदान संघिय सरकार | 257,561,000.00 | 257,561,000.00 | सशर्त अनुदान संघिय सरकार | | |
| | | | चालु | 220,495,508.10 | 235,838,705.10 |
| | | | पुँजिगत | 15,343,197.00 | |
| सामाजिक सुरक्षा शसर्त अनुदान | 109,241,089.00 | 109,241,089.00 | सामाजिक सुरक्षा शसर्त अनुदान | 109,241,089.00 | 109,241,089.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| समपुरक अनुदान संघिय सरकार | 7,893,702.00 | 7,893,702.00 | समपुरक अनुदान संघिय सरकार | 7,543,702.00 | 7,543,702.00 |
| बिशेष अनुदान संघिय सरकार | 5,402,865.00 | 5,402,865.00 | बिशेष अनुदान संघिय सरकार | 5,002,876.00 | 5,002,876.00 |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | |
| वित्तिय समानीकरण अनुदान | 13,740,000.00 | 13,740,000.00 | वित्तिय समानीकरण अनुदान | | 12,574,080.00 |
| | | | चालु | 3,900,373.00 | |
| | | | पुँजिगत | 8,673,707.00 | |
| सशर्त अनुदान प्रदेश सरकार | 25,775,808.00 | 25,775,808.00 | सशर्त अनुदान प्रदेश सरकार | | 25,769,808.00 |
| | | | चालु | 4,558,000.00 | |
| | | | पुँजिगत | 21,211,808.00 | |
| | | | फिर्ता रकम | 0.00 | 0.00 |
| समपुरक अनुदान प्रदेश सरकार | 1,798,839.00 | 1,798,839.00 | समपुरक अनुदान | 1,798,839.00 | 1,798,839.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| विषेश अनुदान प्रदेश सरकार | 1,692,215.00 | 1,692,215.00 | विषेश अनुदान प्रदेश सरकार | 1,692,215.00 | 1,692,215.00 |
| प्रदेश सरकार राजश्व बाँडफाड | 371,679.80 | 371,679.80 | प्रदेश सरकार राजश्व बाँडफाँड | 0.00 | 0.00 |
| | | | चालु | 0.00 | 0.00 |
| मुख्यमन्त्री रोजगार उद्यमशिलता तथा आय आर्जन कार्यक्रम | 56,495,989.00 | 56,495,989.00 | मुख्यमन्त्री रोजगार उद्यमशिलता तथा आय आर्जन कार्यक्रम | | 56,495,989.00 |
| | | | पुँजिगत | 56,390,989.00 | |
| | | | चालु | 105,000.00 | |
| आन्तरीक मामिला तथा कानुन मन्त्रालय | 6,000,000.00 | 6,000,000.00 | आन्तरीक मामिला तथा कानुन मन्त्रालय | 6,000,000.00 | 6,000,000.00 |
| पुर्वाधार विषेश कार्यक्रम | 3,381,323.00 | 3,381,323.00 | पुर्वाधार विषेश कार्यक्रम | 3,381,323.00 | 3,381,323.00 |
| धरौटी आय | 5,086,988.00 | | धरौटि फिर्ता | 1,067,238.00 | 1,067,238.00 |
| | | | धरौटि बाँकि मौज्दात | 4,019,750.00 | 4,019,750.00 |
| | | | बैंक मौज्दात | 47,883,077.82 | 47,883,077.82 |
| जम्मा | 718,552,200.12 | 713,465,212.12 | जम्मा | 713,465,212.12 | 713,465,212.12 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षण को क्रममा असुली**<br><br>सामाजिक सुरक्षाको वापत्त मृत्तकको खातामा निकासा भएको रु.२४०९३ र घटी राजस्व दाखिला गरेको असुली रु.२४०००।०० समेत रु.४८०९३ लेखापरीक्षणको क्रममा असुली भएको छ । | |
| ५ | | | **वित्तीय विवरण** | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तिय विवरणमा निम्न अनुसार देखिएको छ । | |
| ५.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.४७४९७९०३ र पुँजीगत खर्च खातामा रु.१०५९०२६४ गरी रु. ५८०८८२६७।४६ मौज्दात राखेको पाईयो । तोकिएको समयमै खर्च खाताको वाँकी रकम मूल सञ्चित कोषमा सार्नुपर्दछ । | |
| ५.३ | | | म.ले.प.फा.नं. २७२ को अनुसूची १० संञ्चित कोषको विवरणमा यस वर्षको अन्तिम मौज्दात रु.५४२८२०८८।३० रहेको छ भने वैंक मौज्दातको आधारमा पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा अन्तिम बैंक मौज्दात रु.५१९०२८२७ देखिन्छ । पालिकाले म.ले.प.फा.नं. २७२ को मौज्दात भन्दा घटी मौज्दात आगामी आर्थिक वर्षको लागि जिम्मेवारी सारेको छ । यर्थाथ मौज्दात यकिन गरी आगामी वर्षमा जिम्मेवारी सार्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | धरौटीको अल्या र यस वर्षको आम्दानी समेत एकिकृत आर्थिक विवरणमा ५०८६९८८ देखाएकोमा म.ले.प.फा.नं.- २७२ को अनुसूची १५ मा शुरु मौज्दात र यस वर्षको थप समेत रु.३३१७५९२ मात्र आम्दानी वाँधीएको छ ।सुत्रमा फिर्ता रकम प्रविष्ट गरिएको छैन् तर बैंकमा फिर्ता वापत्त १०६७२३८।०० घटेको छ जसले गर्दा वर्षान्तमा बैंकमा रु.३३१७५९२।०० मौज्दात देखिन्छ भने अनुसूची १५ मा ४०१९७५०।०० मौज्दात रहेको छ ।तर्सथ शुत्रमा आम्दानी तथा खर्चको हिसाब राखी फरक रु.७०२१५८ को हिसाब मिलान गरी धरौटी मौज्दात कायम गर्नुपर्दछ । | |
| ५.५ | | | स्थानीय तहमा प्राप्त हुने पूर्वाधार विकास साझेदारी, प्रदेश पूर्वाधार विकास कार्यक्रम, सामाजिक सुरक्षा तथा संरक्षण तथा मुख्यमन्त्रि रोजगार कार्यक्रम लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नुपर्दछ । यस पालिकाले पेश गरेको सुत्रबाट लिएको वित्तिय प्रतिवेदनमा उपरोक्त कार्यक्रम समाबेश भएका छैनन् । यसै प्रतिबेदनमा समाबेश गरिएको कार्यालयबाट प्राप्त एकिकृत वित्तिय विवरणमा समाबेश गरी प्रस्तुत गरिएको छ । सुत्र(SuTRA) बाट तयार हुने वित्तीय विवरण म.ले.प.फा.न.२७२ मा अन्तर सरकारी हस्तातरणबाट प्राप्त हुने निकासा तथा खर्च समेत समाबेश गर्नुपर्दछ । | |
| ६ | | | **विपद् व्यस्थापन**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ ।पालिकाले यस वर्ष विपद् व्यवस्थापन कोषमा कुनै पनि रकम जम्मा गरेको छैन् । विपद् जोखिम न्युनिकरण र राहत उद्दारको लागि कानुन वमोजिम स्थापना भएको कोषमा कुनै पनि रकम जम्मा नहुन तर्क संगत देखिएन । पालिकाले विपद् व्यवस्थापनको लागि कोषमा आवश्यकता वमोजिम मौज्दात कायम गर्नुपर्दछ ।साथै कोषको गत वर्षको मौज्दात रु.१७२३.४२ रहेकोमा यस वर्ष उक्त अल्या नभएकोले उक्त रकम अल्या गरी मौज्दात कायम गर्नुपर्ने रु……… | १,७२३.४२ |
| ७ | | | **कट्टी रकम दाखिला** | ९,२०२,९६४.९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वित्तीय प्रतिवेदन अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२ ) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी सबै रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्दछ । पालिकाको वित्तिय विविरण मलेपफान २७२ मा विभिन्न शीषकबाट कट्टी रकम भुक्तानी। दाखिला गर्न वाँकीमा रु.९२०२९६४।९९ देखिन्छ । उक्त कट्टी रकम सम्बन्धित शीषर्कमा जम्मा गरी सो को प्रमाण पेश गर्नुपर्ने रु............ <br> क्रम: ७.१ — कर्मचारीको नाम: कट्टा रकम दाखिला — असुली रकम: ९२,०२,९६४.९९ | |
| ८ | | | **चौमासिक खर्च** <br><br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा पालिकाले स्थानिय संञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघिय अर्थ मन्त्रालयमा, प्रदेश अर्थ मन्त्रालयमा तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७.१ | कट्टा रकम दाखिला | ९२,०२,९६४.९९ |

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | २०४४३६ | ६८० | १५४१६ | १२६८५४ | ६१४८६ |
| २ | चालु खर्च तर्फ | ३४१८१४ | ५५८५७ | ४०६०७ | २४२५७३ | २७७७ |
| | जम्मा | ५४६२५० | ५६५३७ | ५६०२३ | ३६९४२७ | ६४२६३ |
| | प्रतिशत | | १०।३५ | १०।२५ | ६५।२४ | ११।७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>**वजेट व्यवस्थापनतर्फ**<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरे गरेको,<br>**भ्रमण खर्च व्यवस्थापनतर्फ**<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आशिंक रुपमा लिने गरेको<br>खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको । <br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको <br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएको । <br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको । <br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको , <br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरे नगरेको, <br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको शिक्षातर्फ <br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको । <br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको। <br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,<br>विविध तर्फ<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १० | | | **सेवा प्रवाह** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २ वटा ऐन, ६ बटा कार्यबिधि, १ निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ०० | |
| पञ्जिकरणतर्फ | १६८० | १६७८ |
| जन्मदर्ता | १६८१ | १६८१ |
| मृत्युदर्ता | ६१ | ६१ |
| बसाईसराई दर्ता | ३० | ३० |
| विवाह दर्ता | ११८ | ११८ |
| सम्बन्धविच्छेद दर्ता | ५ | ५ |
| पूर्वाधार विकास सडक निर्माण | २५ वटा | २५ वटा |
| कालोपत्रे सडक निर्माण | ०० | ०० |
| कालोपत्रे सडक मर्मत | ०० | ०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ग्राभेल सडक निर्माण \| १ किमि \| १ किमि<br>ग्राभेल सडक मर्मत \| ०० \| ०० | |
| ११ | | | **कर्मचारी व्यवस्थापन**<br><br>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, आन्तरिक लेखापरीक्षक सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १२ | | | **बजेट तथा कार्यक्रम** | |
| १२.१ | | | **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री मनशोभा बुढाले मिति २०७८।०३।१० गते रु.५७ करोड ९७ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।१० मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७२३३ | २२५३० | ६०.५१ |
| २ | पूर्वाधार विकास | १४२२२६ | १०२९४३ | ७२.३७ |
| ३ | सामाजिक विकास | १६१७७५ | १३५६८२ | ८४.२७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४२०० | ४०६१ | ९६.७० |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २३४३०० | २१८१२८ | ९३.१ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबैभन्दा बढी ९६.७० प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ६०.५१ प्रतिशत रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| १२.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १२.४ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।<br><br>**क्रम** / **कर्मचारीको/फर्म/संगठन नाम** / **असुली रकम**<br>१२.४.१ / / ० | |
| १३ | | | **दिगो विकास**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले योजना तथा बजेट बनाउदा तथा पुंजीगत खर्च गर्दा केन्द्रिय योजना तथा प्रदेश योजनाका प्राथामिकता भन्दा पनि स्रोत उपलब्धताको आधारमा वितरणमुखी र कम लागतका संरचना निमार्णमा वढी जोड दिएको देखिन्छ । गरिवी लक्षित, महिला वालवालिका तथा पोषणा सम्बन्धि कार्यक्रमहरु सर्शत र कानूनको परिपालना गर्ने | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>क्रममा मात्र छनोट भएका छन भने पालिकाको बजेट साना सडक तथा पूर्वाधारमा वढी केन्द्रित छन् । शिक्षा, स्वाथ्य, मानव संशाधन विकास, लैगिङ समता र वातावरण संरक्षणको क्षेत्रमा नगन्य कार्यक्रमहरु छनोट भएका छन्। आगामी नीति तथा कार्यक्रम तय गर्दा आवधिक योजना तथा दिगो विकासका लक्ष्यहरुलाई प्राथामिकताका साथ आन्तरिकिकरण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>योजना छनोट र कार्यान्वयन<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्
<table>
<tr><td>रु. १ लाख सम्म</td><td>रु.१ लाख देखि २ लाखसम्म</td><td>रु.२ लाखदेखि ५ लाखसम्मका</td><td>रु.५लाख देखि १० लाखसम्मका</td><td>रु.१०-५० लाख सम्म</td><td>५० लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>२४</td><td>८५</td><td>५९</td><td>१९</td><td>३६</td><td>१</td><td>२२४</td></tr>
</table>
यस पालिकामा न्यूनतम रु. १० हजार देखि अधिकतम रु. १ करोड सम्मका जम्मा २२४ योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>लक्ष्य प्रगति<br><br>कार्यालयले चौमासिक र बार्षिक स्तर प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । पालिकाले पेश गरेको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आयोजनागत प्रगति विवरणमा ६४५ आयोजना मध्ये ५० प्रतिशत भन्दा घटी प्रगति भएका आयोजना सख्याँ १४० अर्थात २१।७० प्रतिशत र शुन्य प्रगति भएको आयोजना २० वटा रहेका छन् । आयोजनाको छनोट गर्दा प्रतिफलयुक्त र कार्यान्वयनयोग्य समिति आयोजना छनोट गरी कार्यान्वयनमा प्राथामिकता दिनुपर्दछ ।<br><table><tr><th rowspan="2">कार्यक्रम/योजना संख्या</th><th rowspan="2">यो बर्ष खर्च</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr><tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr><tr><td>६४५</td><td>४८२९९०</td><td>२०</td><td>२३</td><td>९७</td><td>५०५</td></tr></table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>रकमान्तर<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ वमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यपालिकाको मिति २०७८।११।१५ को निर्णयबाट समपुरक आयोजनाको लागि विनियोजन रकम लगायत अन्य ५९ कार्यक्रमको कुल रु.३ करोड ८ लाख ५७ हजार रकमान्तर गरी आधारभुत स्वाथ्य केन्द्रका कर्मचारीको तलब भत्तामा रु.२१ लाख ६७ हजार रहगाड झोलुङ्गे पुल निमार्णमा ३९ लाख १५ हजार लगायत १७७ आयोजनामा रकमान्तर गरी वढाईएको छ। रकममान्तर पूँजीगत शीर्षकमा मात्र हुनुपर्नेमा चालु प्रकृतिका कार्यक्रममा समेत रकमान्तर भएको देखिन्छ । रकमान्तर गर्दा ऐन वमोजिम २५ प्रतिशतमा नवढ्ने गरी पूँजीगत शीर्षकमा मात्र हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अनुदान फिर्ता<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको</td><td>२२,४७८,२८४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु............. | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २५७५६१००० | २३५८३८७०५ | २१७२२२९५ | |
| | विषेश | ५४०२८६५ | ५००२८७६ | ३९९९८२ | |
| | समपुरक | ७८९३७०२ | ७५४३७०२ | ३५०००० | |
| प्रदेश सरकार | शसर्त | २५७७५८०८ | २५७६९८०८ | ६००० | |
| | विषेश | १६९२२१५ | १६९२२१५ | ०० | |
| | समपुरक | १७९८८३९ | १७९८८३९ | ०० | |
| | अन्य | | | | |
| जम्मा रकम रु | | ३००१२४४२९ | २७७६४६१४५ | २२४७८२८४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कानुन र न्यायिक समिति** | |
| १८.१ | | | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ३ नियमावली र २३ कार्यविधि तथा निर्देशिका निर्माण गरेको छ । निर्माण भएका ऐन नियम र कार्यविधिको कार्यान्वयन गरी सेवा प्रभाव र आर्थिक अनुशासनलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| १८.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १५ र यो बर्ष थप भएको ५ गरी कुल २० विवाद दर्ता भएकोमा १३ फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १९ | | | **खर्च विश्लेषण**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१२५२२५०, गत वर्षको मौज्दात र राजस्व बाँडफाँडबाट रु.९८८०७७१७।३२ र अनुदानबाट रु.४३८४६४४२९ समेत रु.५३७२७२१४६।३२ आम्दानी भएकोमा चालु तर्फ रु-३४ करोड १८ लाख १४ हजार र पूँजिगत तर्फ रु-२० करोड ४४ लाख ३६ हजार गरी रु-५४ करोड ६२ लाख ५० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.५७६३५५३।०० खर्च भएको छ जुन आन्तरिक आयको ४६० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४ प्रतिशत चालु र ३६ प्रतिशतमात्र पूजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **विविध खर्च** | |
| २०.१ | | | खाना तथा विविध खर्चःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष कार्यालयको खाना र नास्तामा रु.११ लाख ८५ हजार, गाउँ सभा खाना र नास्ता खर्च रु.२ लाख ९० हजार र कार्यपालिका वैठकमा खाना र नास्ता खर्च रु.४ लाख ७३ हजार खर्च गरेको छ ।यस प्रकारका खर्चहरुमा नियन्त्रण गरी मितव्ययीता कायम गर्नुपर्दछ | |
| २०.२ | | | आर्थिक सहायता — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.३ लाख ९९ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २१ | | | **शिक्षा**<br><br>**विद्यालयगत निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ । | |
| २२ | | | **जिन्सी व्यवस्थापन** | |
| २२.१ | | | **जिन्सी व्यवस्थापन र लगत अद्यावधिक** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली ***PAMS*** प्रयोगमा ल्याएता पनि गत विगत वर्षका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु **PAMS** मा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।साथै कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ ।तसर्थ वार्षिकरुपमा कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सोको आधारमा लिलाम बिक्री गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने मालवस्तको समेत एकीन गर्नुपर्दछ । | |
| २२.२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २२.३ | | | **मोटरसाईकल नामसारी :** सवारी तथा यातायात व्यवस्था नियमावली,२०५४ को नियम ९ मा सवारी साधनको नामसारी सम्बन्धि व्यवस्था छ । पालिकाले यो वर्षको रु ७३८०००।०० र गत विगतको रु ११४१०००।०० समेत जम्मा रु १८७९०००।०० का निम्न मोटरसाईकलहरु सेतो नम्बरको रुपमा पालिकाको नाममा नामसारी भएको देखिएन । नियमावलीमा व्यवस्था भए बमोजिम उक्त नम्बरहरु सेतो नम्बर प्लेट बनाई पालिकाको नाममा नामसारीको प्रमाण पेश गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खरिद गरेको आर्थिक वर्ष</td><td>मोटरसाईकलको विवरण</td><td>अस्थायी सवारी साधन नम्बर</td><td>रकम</td></tr>
<tr><td>२०७८।७९</td><td>एफ जेड यामाहा</td><td>००२ प कर्णाली प्रदेश ०२ - २४८८</td><td>३८४०००</td></tr>
<tr><td>२०७८।७९</td><td>एफ जेड यामाहा</td><td>००२ प कर्णाली प्रदेश ०२ - २४५४</td><td>३५४०००</td></tr>
<tr><td>२०७७।७८</td><td>आर टी आर सुजुकी</td><td>०२ कर्णाली प्रदेश ०३ प ११२०</td><td>३१३०००</td></tr>
<tr><td>२०७७।७८</td><td>पल्सर</td><td>००२ प कर्णाली प्रदेश ००२- ८७०५</td><td>२८६०००</td></tr>
<tr><td>२०७७।७८</td><td>स्कुटर</td><td>०२ प कर्णाली प्रदेश ००१- ६४२३</td><td>२५६०००</td></tr>
<tr><td>२०७७।७८</td><td>पल्सर</td><td>००२ प कर्णाली प्रदेश ००२- ८७०६</td><td>२८६०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१८७९०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>धरौटी</td><td>१,०६७,२३८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ माआफ्नो कार्यालयको धरौटी खातामा जम्मा रकमको कारोवारको लेखा तोकिए वमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने एवं धरौटी रकमको छुट्टै बैक नगदी किताव समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नुपर्ने उल्लेख छ । कार्यालयले धरौटी कारोवारको व्यक्तिगत धरौटी खाता र बैक नगदी कितावको अभिलेख राखेको पाइएन । साथै पालिकाले यो वर्ष तपसिल वमोजिमका फर्मलाई रु.१०६७२३८ धरौटी फिर्ता दिएकोमा करचुक्ता र कर समायोजन वेगर निवेदनको आधारमा मात्र धरौटी फिर्ता गरेको देखियो । तसर्थ कर चुक्ता तथा कर समयोजन प्रमाण पेश गर्नुपर्ने रु..........
<table>
<tr><td>गो.भौ.नं,मिति</td><td>फर्मको नाम</td><td>रकम रु</td></tr>
<tr><td>१।२०७८।०९।२७</td><td>यमन ट्रेडर्स</td><td>८००००।००</td></tr>
<tr><td>२।२०७८।१०।१८</td><td>किरातेश्वर कस्ट्रक्सन एण्ड ड्रिलिङ कम्पनी</td><td>६५८६४४।००</td></tr>
<tr><td>३।२०७९।०२।२७</td><td>जनसेवा अर्डर सप्लायर्स एण्ड रिपब्लिक निर्माण सेवा</td><td>१२५५९४।००</td></tr>
<tr><td rowspan="3">४।२०७९।०२।२७</td><td>कामोजिव निर्माण सेवा</td><td rowspan="3">२०३०००।००</td></tr>
<tr><td>सरोवर ट्रेड कन्सन</td></tr>
<tr><td>पोखरा स्यानिटरी प्रोडक्स</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०६७२३८।००</td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>२३.१</td><td>कर समायोजन</td><td>१०,६७,२३८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>पारिश्रमिक कर<br><br>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारिश्रमिक आयमा लाग्ने कर कटाई पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्मायवस्था छ । पालिकाले तपसिल वमोजिमका कर्मचारीको घटी पारिश्रमिक कर कट्टा गरेको देखिएकोले देहायअनुसारको कर असुली गरी दाखिला हुनुपर्ने रू.
<table>
<tr><td>सि नं</td><td>नाम</td><td>पद</td><td>कट्टी गर्नुपर्ने रु</td><td>कट्टी रु</td><td>थप असुली रु</td></tr>
<tr><td>१</td><td>दुर्गालाल न्यौपाने</td><td>शिक्षा अधिकृत</td><td>८९९४</td><td>४७९९</td><td>४१९५।</td></tr>
<tr><td>२</td><td>निरक कुमार शाह</td><td>ईन्जिनियर छैटौ अधिकृत</td><td>९२८९</td><td>३८९३</td><td>५३९६।</td></tr>
<tr><td>३</td><td>भरत कठायत</td><td>सुचना प्रविधि अधिकृत</td><td>१४११८</td><td>११४१३</td><td>२७०५।</td></tr>
<tr><td>४</td><td>नवराज शाही</td><td></td><td>९९२०</td><td>७०५९</td><td>२८७१</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१५१६७</td></tr>
</table></td><td>१५,१६७</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार<br><br>शिक्षा शर्शत तर्फको रकमबाट निकासा दिई खर्च गराउदा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८ को आधारमा तोकिए बमोजिम कार्य गराई खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार शिक्षा विज्ञान प्रविधि मन्त्रालयले २०७९।३।१७ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फको रकम भौतिक पूर्वाधारको समेत तत्काल निकासा दिई सम्पन्न हुन बाँकी काम गर्ने गराउने व्यवस्था गरी निकासा दिन परिपत्र गरेको आधारमा देहायका विद्यालयहरुलाई संघिय अनुदान (राष्ट्रपति शैक्षिक सुधार) कार्यक्रमबाट निकासा भएको रकमको निर्माण तथा खरिद व्यवस्थापन सम्बन्धि कार्य विद्यालय मार्फत गराई स्रेस्ता समेत विद्यालयमै रहने</td><td>५,१८४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा सोको अनुगमन तथा मूल्याकंनको जिम्मेवारी पालिकामा रहेकोले पालिकाले बाँकी काम यथासिघ्र सम्पन्न गराई विद्यालयललाई निकासा दिएको अनुदान रु.५१८४०००।०० को कार्य सम्पन्न प्रतिवेदनको पेश गर्नुपर्ने रु....................
<table>
<tr><td>भौन ।मिति</td><td>विद्यालयको नामा</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>२५।०७९।०३।२५</td><td>श्री नैनलदेवी आधारभुत विद्यालय</td><td>१७२८०००।००</td></tr>
<tr><td>२७।०७९।०३।२७</td><td>श्री जन कल्याण आधारभुत विद्यालय पानीखेत</td><td>३४५६०००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५१८४०००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td>१००</td><td>२०७९-३-१</td><td>कर कट्टी<br><br>आयकर ऐन २०५८ को दफा ८७ मा अग्रिम कर कट्टी सम्बन्धी व्यवस्था छ । धरभुत स्वाथ्य तथा सरसफाई शाखाका संयोजक अमर वटाला पेश्की फछ्र्योट मा पालिका स्वास्थ्य संस्थाका इन्चार्ज नर्स अनमी लगायतले मासिक रिर्पोट गरे वापत्त यातायात खर्च भनी प्रतिव्यक्ती १००० का दरले ३२ जनालाई ७९००० भुक्तानी दिएको उक्त भुक्तानीमा कर कट्टा गरेको देखिएन । उक्त भतामा ऐन वमोजिम १५ प्रतिशत कर रु.११८५०।०० कट्टा गरी दाखिला गर्नुपर्ने रु-</td><td>११,८५०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कृषि तर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>अनुदानः कार्यालयले वार्षिक कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस, निर्देशिका र प्रचलित खरिद नियमको पालना गर्नुपर्दछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ ७.१ को १ वमोजिम कृषि उत्पादन सामाग्री, पशु, नश्ल सुधारमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने उल्लेख छ ।यस पालिकाले यो वर्ष साना व्यवसयी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरर्गतका देहायका कृषक समुहलाई कृषि कार्यक्रमा ८० प्रतिशत देखि सतप्रतिशत सम्म अनुदान उपलव्ध गराएको छ । कार्यालयले स्वीकृत नर्म्स भन्दा बढी अनुदान खर्च भुक्तानी दिएको असुल गरी दाखिला गर्नुपर्ने रू</td><td>७४७,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौचर नम्बर।मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कुल लागत</td><td>अनुदान दिएको</td><td>पचास प्रतिशतले हुने अनुदान</td><td>बढी अनुदान दिएको</td></tr>
<tr><td>२३५।०७९।३।२३</td><td>नरहरीनाथ वहुउद्देश्य सहकारी संस्था</td><td>८०५०००</td><td>७०००००</td><td>४०२५००</td><td>२९७५००</td></tr>
<tr><td>१६३।०७९।३।२४</td><td>वाखा पकेट संचालक समिति</td><td>८४००००</td><td>७०००००</td><td>४२००००</td><td>२८००००</td></tr>
<tr><td>२५९।०७९।०३।२५</td><td>जनहित स्वालम्बन वहुउद्देश्य सहकारी संस्था</td><td>१४६००००</td><td>९०००००</td><td>७३००००</td><td>१७००००</td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>७४७५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.२</td><td>२८६</td><td>२०७९-३-२५</td><td>घटी खरिदः पोषण संम्बेद्धनशिल कार्यक्रम संचालन अन्तरर्गत पालिकाका वडा नं ८ र ९ मिलिजुली महिला विकास बचत तथा ऋण सहकारी संस्था २५ जना सदस्यलाई प्रति सदस्य दुई गोटा वाखा बाँडेको भनी प्रति गोटा १२५००।०० दरले ६२५००० खर्च लेखेको देखन्छ । भौचरसाथ संलग्न वील भरपाई परीक्षण गर्दा वुझिलिनेको सहीछाप, बुझिलिने व्यक्ती पहिचान खुल्ने नागरिकताको फोटोकपी संलग्न गरिएको छैन् । ५० गोटा वाखा खरिद गरी वितरण गरेको उल्लेख भएपनि २२ जना सदस्यलाई मात्र बुझाएको भरपाई पेश भएकोले वाँकी ६ वटा सख्याँमा वाखा खरिद भएन यकिन नभएकोले प्रति गोटा १२५००।०० दरले वढी भुक्तानी भएको रु.७५०००।०० असूल गर्नुपर्ने रु...............</td><td>७५,०००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कर कट्टी<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.२१३७५ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.</td><td>२१,३७५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | **११०।०७९।०३।०२** लघु उद्दम विकास सहर्जकर्ता दिपेन्द्र विष्टले भुक्तानी लिएको सिलाई कटाई तालिम २०७८ पुष २९ देखि चैत्र २९ सम्म ९० दिन सचालन भएको भनी प्रशिक्षकलाई प्रति दिन १००० का दरले ९०००० भुक्तानी दिएको देखिन्छ । हप्तामा ६ दिनमात्र तालिम संचालन भएको र कार्य अवधि समेत तीन महिना मात्र देखिएकोले शनिवारको समेत प्रशिक्षक भत्ता भुक्तानी भएकोले वढी भुक्तानी गएको सम्बन्धमा एकिन गरी १२ दिनको प्रशिक्षक भत्ता रु.१२००० असुल गर्नुपर्ने रु-- | १२००० | |
| | | | **११२।०७९।०३।०३** विरेन्द वहादुर सहकारीले भुक्तानी लिई खर्च गरेको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता वापत्त १ दिने अभिमुखीकरण तलिमममा सहभागी भएका १४ जना स्वाथ्य चौकीका कर्मचारी तथा वडा सचिवहरुलाई भरपाई गरी रु.१००० का दरले र प्रमुख प्रशासकीय अधिकृतको रु.१५०० समेत रु.१५५०० बुझाएकोमा कर कट्टी गरेको देखिएन । उक्त रकममा कर दाखिला गर्नेपर्ने रु. | २३२५ | |
| | | | **११२।०७९।०३।०३** विरेन्द वहादुर सहकारीले भुक्तानी लिई खर्च गरेको सामाजिक सुरक्षा तथा व्यक्तीगत घटना दर्ता सुदृढीकरण आयोजनामा व्यक्तीगत घटना दर्ता सम्बन्धमा २०७८।१२।२७ गते सम्पन्न व्यक्तित्वकला मुल्याँकनमा सहभागीहरु ११ जनालाई रु. १००० दरले भुक्तानी गरेको रु.११००० मा कर कट्टी गरेको देखिएन । उक्त रकममा आयकर ऐन २०५८ को दफा ८८ वमोजिम १५ प्रतिशत कर कट्टा गरी दाखिला गर्नुपर्ने रु... | १६५० | |
| | | | **२४१।०७९।०३।२३** गरिवी निवारणको लागि लघु उद्दम विकास कार्यक्रम बाट २०७९ असाढ १० गते एक दिने सहकारी वित्त अन्तरक्रिया भएकोमा सो कार्यक्रममा सहभागी ३६ जनालाई खान खाजा वाहेक निर्वाह भत्ता वापत्त रु.१००० का दरले कर रु.३६००० भुक्तानी गरेकोमा कर कट्टा गरेको देखिएन ।उक्त रकममा आयकर ऐन २०५८ को दफा ८८ वमोजिम १५ प्रतिशत कर कट्टा गरी दाखिला गर्नुपर्ने रु...... | ५४०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **छोरी शुरक्षा**<br><br>कर्णाली प्रदेश सरकारले जारी गरेको वैंक खता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कर्यीविधि २०७६ को दफा ३ मा २०७६ साल साउन १ वा सो भन्दा पछी जन्मेका छोरीहरु कार्यक्रममा आवद्ध हुने र दफा ५ मा तोकिएको कार्यविधि पुरा गरी प्रदेश सरकारले छोरी २० वर्षको नहुदा सम्म जन्मेको पहिलो महिनामा रु१००० र त्यस पश्चालत मासिक रु ५०० का दरले छोरीको नाममा खोलिएको वैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ ।प्रदेश सरकारले कार्यक्रम कार्यान्वयन गर्न रकम उपलब्ध गराए वमोजिम २०७६ साउन देखि यस आर्थिक वर्षसम्म जन्म भएका ३४५ जना छोरीहरुको खातामा रकम जम्मा भई सकेको छ । कार्यविधिमा सामाजिक स्थिति अभिभावकको आर्थिक स्थिति तथा पारिवारिक शिक्षाको स्तर जस्ता विषयहरु समावेश गरको छैन । उक्त विषयलाई ध्यानमा राखी निर्देशिकामा पुनरावलोकन गर्दा स्रोतको वास्तविक उपयोग हुने देखिन्छ । | |
| ३० | १३ | २०७९-३-१९ | **सोलार खरिद**<br><br>लागत स्टिमेट अनुसार २०० वाटको ३० थान ले ६००० वाट सोलार प्यानल खरिद गर्ने गरी निर्मल विजनेश सेन्टर एण्ड अर्डर सप्लायर्स सँग मिति २०७८।११।१३ मा सम्झौता भएको देखिन्छ । खरिद वील अनुसार २५० वाटको १६ थान सोलार खरिद गरी २ वटा स्वाथ्य केन्द्र र २ वटा वडा कार्यालयमा १ हजार वाटको दरले ४ हजार वाट क्षमताको सोलार आपूर्ति भएको छ । २ हजार वाट घटी कार्य सम्पन्न भएको देखिएकोले मुल्य अभिबृद्धि वाहेक कुल लागत रु.९२२८००।०० भुक्तानी भएकोमा २ हजार वाटको लागत रु.३०७६००।०० वढी भुक्तानी भएको असुल गर्नपर्ने रु... | ३०७,६०० |
| ३१ | | | **सम्झौतामा कर**<br><br>पालिकाले आन्तरिक स्रोत बढाउने उद्देश्यले गाउँ परीषदको निर्णयबाट उपभोक्तासँग हुने सम्झौतामा प्रतिलाखमा १ हजारको दरले कर काट्ने गरेको देखिन्छ । यस किसिमको कर उपभोक्ता समितिले सम्झौताको वखत स्थानीय संञ्चित कोषमा नगदै जम्मागरी भौचर पेश गर्नुपर्दछ। सर्सत तर्फको कार्यक्रममा समेत यसरी सम्झौता वमोजिमक दाखिला गर्न गरीएकोमा देहाय वमोजिमका कार्यक्रममा कार्य सम्पन्न वील तयार गर्दा उक्त दाखिला गरेको रकमसमेत लागत मानी कार्य सम्पन्न तर्फ देखाई | १६५,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फिर्ता दिएको देखिन्छ । यसरी कट्टा गरी आन्तरिक राजस्वको रुपमा संञ्चित कोषमा जम्मा भएको रकम सर्सत तर्फबाट खर्च लेखी फिर्ता दिएको देखिएकोले उक्त रकम असुल गरी संञ्चितकोषमा दाखिला गर्नुपर्ने रु-------
<table>
<tr><th>भौ-न-।मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>विनियोजित बजेट</th><th>कट्टा रकम</th></tr>
<tr><td>पूर्वाधार विशेष तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>२।०७८।०३।२१</td><td>नव दिपक आ.वि.फिल्ड निमार्ण उ.स.</td><td>१००००००</td><td>१००००</td></tr>
<tr><td>४।०७९।०३।२२</td><td>रुपादेवी आधारभुत्त विधालय निमार्ण उ.स.</td><td>२५०००००</td><td>२५०००</td></tr>
<tr><td>प्रदेश पूँजीगत तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td>११।०७९।०३।२५</td><td>गौरामासा देखि तलकोट कमरी खान तटवन्ध</td><td>५००००००</td><td>५००००</td></tr>
<tr><td>१३।०७९।०३।२५</td><td>नेपाल आवि भवन निमार्ण</td><td>२००००००</td><td>२००००</td></tr>
<tr><td>१७।०७९।०३।२५</td><td>दिपेन्द्र नेरा आ.वि. भवन निमार्ण उ.स.</td><td>४००००००</td><td>४००००</td></tr>
<tr><td>१७।०७९।०३।२५</td><td>शहिद स्मृती संग्रालय भवन</td><td>२००००००</td><td>२००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१६५०००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **प्रधानमन्त्री रोजगार**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन ।अधिकाँश योजना घोडेटो बाटो र पदमार्ग निमार्णमा छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत यस वर्ष १७८० जना लाई रोजगारी उपलव्ध गराई रु.४ करोड ६६ लाख ५७ हजार खर्च गरेको छ ।यस कार्यक्रम मार्फत वेरोजगार युवालाई कम्तिमा १०० दिनको को रोजगारी प्रदान गर्ने भनिएकोमा एक जनालाई औसत ६० दिनको रोजगारी प्रदान गरीएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३३ | | | **मुख्यमन्त्री रोजगार** | |
| ३३.१ | | | मुख्य मन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ अनुसार कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड १९ प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने युवालाई लक्षित गरी रोजगारी आयआर्जन तथा आधारभूत विकासका क्रियाकलाप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थान गर्ने मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ ।यस कार्यक्रम मार्फत नगरपालिकामा यस वर्ष ९ वटा कार्यक्रम मार्फत रु-१ करोड ८७ लाख ३० हजार खर्च गरी औसतमा ६४ दिन को रोजगारी प्रदान गरिएको छ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय वमोजिम छन् । | |
| ३३.२ | | | कार्यविधिको बुँदा ५ मा अधिकत्तम रोजगारी सिर्जना हुने, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने तथा स्थानीय समाग्री प्रयोग हुने अधिकत्तम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनोट गर्ने उल्लेख भएपनि अधिकांश कार्यक्रम शिक्षा तथा खेलकुद क्षेत्रका परियोजनमा खर्च भएको छ । खर्चको तुलनामा न्यून रोजगारी सिर्जना, सीपमूलक र उद्यमशील कार्यक्रममा खर्च नहुदा पटके रोजगारी सिर्जनामा केन्द्रित भएको छ ।त्यसैगरी कार्यक्रम छनोटको लागि उपभोक्ता समितिले सोझै मुख्यमन्त्री रोजगार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम व्यवस्थापन इकाइमा प्रस्ताब पेश गर्ने र उक्त प्रस्ताबहरु आयोजना व्यवस्थापन इकाइले संकलन गरी मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने निर्देशक समितिले छनोट तथा स्वीकृत गरी स्थानीय निकायबाट कार्यान्वयन हुने व्यवस्था गरीएको छ।। छनोट प्रक्रियामा स्थानीय पालिका सँग समन्वय नहुँने, केन्द्रबाट छनोट हुने, सर्शत अनुदानको रुपमा स्थानीय तहलाई बजेट पठाउने, आर्थिक वर्षको अन्तमा मात्र बजेट निकासा हुने, उपभोत्ता समितिको पहुँच र प्रवाहका आधारमा छनोट हुनाले आयोजना कार्यान्वयनमा पालिकाको अपनत्व र प्रभावकारी भुमिका देखिएन । आयोजना छनोट देखि कार्यान्वयन सम्म पालिकाको भूमिका स्पष्ट गरी दीर्घकालिन रोजगारी सिर्जना हुने कार्यक्रमा बजेट केन्द्रित हुनु पर्दछ । | |
| ३३.३ | | | अनगुमन तथा मूल्याङ्कनाः कार्यविधिको दफा १७ मा कार्यक्रमको अनुगमन तथा मुल्याँकन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विषयगत मन्त्रालय कर्णाली प्रदेश योजना आयोग जिल्ला समन्वय समिति सम्बन्धित स्थानीय तह र विषयगत कार्यालयले गर्ने सक्ने उल्लेख भएपनि भुक्तानी प्रयोजनको लागि पालिका स्तरीय अनुगमन समिति मात्र अनुगमन गरी भुक्तानी दिने गरेको देखिन्छ ।कार्याक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चितताको लागि तालुक निकाय र सरोकारवालाको सयुक्त अनुगमन गर्ने सयन्त्र तयार गर्नुपर्दछ । | |
| ३४ | | | **एकिकृत नमुना वस्ती**<br><br>कर्णाली प्रदेशका छरीएर रहेका वस्तीलाई एकीकृत पूर्वाधारमा आवद्ध गर्न र जोखिममा रहेका नागरिकलाई सुरक्षित आवास व्यवस्थापन गर्न एकीकृत वस्ती विकास कार्यक्रम संचालन कार्यविधि २०७८ वनेको छ । कार्यविधिको बुँदा १४ मा छनोट गरीएका लाभग्राहीलाई प्रति आवाश रु ५ लाख उपलब्ध गराउने, बुँदा १५ मा लागत सहभागीता ५ प्रतिशत हुने र बुँदा १८ मा तोकेको मापदण्डका आधारमा लाभग्राही स्वयंमले आवाश निमार्ण गर्न सक्नेछ । निमार्ण प्रगतिका आधारमा वढीमा तीन किस्तामा लाभग्राहीको वैंक खातामा भुक्तानी गर्ने सक्ने व्यवस्था छ । यस गाउँपालिकाको एकीकृत नमुना वस्ती कार्यक्रमको लागि यस आर्थिक वर्षमा ८० घर निमार्णको लागि रु.४ करोड बजेट विनियोजन भएकोमा गाउँ कार्यपालिकाले १०१ घर निमार्ण गर्ने १०१ लाभग्राही छनोट गरेको छ । लागत अनुमान तयार गर्दा प्रति घरको लागि विनियोजित अनुदान रु.३९६०३९।६० को ४ प्रतिशतले हुने रु.१५८४१।५८ कन्टिजेन्सी वापत कट्टा गरेको देखिन्छ । प्रति इकाई कन्टीजेन्सी | १,१९५,९९७.५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वापत्त रु.४००० कट्टी गर्नुपर्नेमा रु.११८४१।५६ प्रति इकाइको दरले १०१ इकाइको रु.११९५९९७।५६ बढी कट्टा गरिएको नियम सम्मत नदेखिएको रु... | |
| ३५ | | | **शिक्षा तर्फ** | |
| ३५.१ | | | **शिक्षक व्यवस्थापन सूचना प्रणाली (IEMIS) :-** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.ब.२०७८।७९) IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) शिक्षण सिकाइ सामाग्री तथा दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ। यस सम्बन्धमा विद्यालयको हाजिरी उपलब्ध हुन नसकेको र IEMIS मा प्रविष्ट तथ्याङ्क समेत अधावधिक नभएकोले एकिन गर्न सकिएन। पालिकाले विद्यालयको IEMIS तथ्यांकलाई अधावधिक गरी विधार्थी संख्याको आधारमा जाने निकासा वास्तविक विधार्थी संख्याकै आधारमा गए नगएको एकिन गर्नु पर्दछ । | |
| ३५.२ | | | निजी श्रोतका शिक्षकको तलब भत्ता — अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई रु.३४४४७१६।०० भुक्तानी गरेको देखियो अतः यसमा सुधार गरीनु पर्दछ । साथै उक्त खर्च नियमसम्मत नदेखिएको रु | ३,४४४,७१६ |
| ३५.३ | | | **शिक्षक दरवन्दी** – नगरपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर नगरपालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन। | |
| ३५.४ | | | **अनुदानको अनुगमन** - कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।पालिकाले यसवर्ष दिवा खाजामा रु.५६८७९२०, दलित छात्रवृत्तिमा रु.४८१८०० र अन्य छात्रवृत्तिमा रु.३६८०५०० अनुदान विद्यालयहरुमा पठाएको छ । विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन लिई अनुदान सही उपयोग भएको सुनिश्चितता हुनुपर्दछ । | |
| ३५.५ | | | वढी ग्रेड — शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।साथै आ ब ०७८।७९ को दोस्रो चौमासिक निकासा गर्दा शिक्षकहरुको बढी ग्रेड भुक्तानी भएको निकासाबाट देखिएकोले बढी भुक्तानी असुल उपर गरी राजस्व दाखिला गर्नुपर्ने रु–<br><br>सि नं \| तह \| संख्या \| ग्रेड रकम रु<br>१ \| प्राथमिक तह \| ४६ \| ४४९३९।<br>२ \| निम्न माध्यामिक तह \| ६ \| ६३०२।<br>३ \| माध्यामिक तह \| ६ \| ६३३५।<br>४ \| उच्च माध्यामिक तह \| ४ \| ५६५२। | ६३,२२८ |

| सि नं | तह | संख्या | ग्रेड रकम रु |
|---|---|---|---|
| १ | प्राथमिक तह | ४६ | ४४९३९। |
| २ | निम्न माध्यामिक तह | ६ | ६३०२। |
| ३ | माध्यामिक तह | ६ | ६३३५। |
| ४ | उच्च माध्यामिक तह | ४ | ५६५२। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ६३२२८। | |
| ३५.६ | | | **सेनेटरी प्याडः** ९५।०७८।०२।१० सामुदायिक विद्यालय छात्रहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि झरना इन्टर प्राईजेज प्रा.लि. बाट रु. ८९०२२५।०० को स्यानेटरी प्याड खरिद गरेको देखिनदेखिन्छ । इमिस तथ्याँक २०७८ अनुसार पालिकामा ग्रेड ६ देखि १२ सम्म १८१० छात्रा रहेको देखिन्छ भने प्रयोगकर्ता सख्याँको आधारमा विश्लेषण गरी खरिद गर्नुपर्नेमा बजेटको आधारमा ३१५२४ खरिद गरेकोले उपयोग नहुँदै म्याद समाप्त हुने जोखिम देखिएको छ । | |
| ३६ | ७ | २०७९-३-२ | **संघिय सरकार हस्तातरण**<br><br>सिसिरेखोला देखि खयरेपातला सम्म सिंचाई कुलो निमार्णको लागि पञ्चशक्ती कन्ट्रक्सन प्रालि सँग २०७९।०३।३० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।१०।१३ सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।<br>क) कुल लागत अंक रु.१६१०३९१०।२४ रहेकोमा उक्त प्रालि ले रु.८६२४७६२।४६ मा सम्झौता गरेकोमा तोकिएको म्याद भित्र साईट क्लिरेन्स माटो खन्ने ढुङ्गाको पर्खाल निमार्ण पाईप खरिद लगायतका काम गरी हालसम्म २ वटा रनिङ वीलबाट रु.५००२८६५।४४ भुक्तानी भएको छ । म्याद समाप्त भएको उक्त ठेक्काको बाँकी बजेट फ्रिज गएको, क्रमागत बजेट सुनिश्चितता नरहेको र निमार्ण कार्य अधुरो हुन गएको छ । तोकिएको म्याद भित्र कार्य सम्पन्न नगर्ने निमार्ण व्यवसायीलाई सार्वजनिक खरिद ऐन वमोजिम कारवाही गरी अधुरो निमार्ण कार्य सम्पन्न गर्नुपर्दछ ।<br>ख) प्रोभिजनल सममा समावेश गरेका आईटमहरुको विल भरपाईको आधारमा भुक्तानी दिनु पर्दछ । ठेक्का सम्झौता गर्दा प्रोभिजन सममा वीमा वापत्त रु.१५००००।०० उल्लेख भएकोमा निमार्ण व्यवसायीले रु.५८०२०।०० वीमा शुल्क बुझाएको वील पेश गरेकोमा पालिकाले प्रोभिजनल सममा उल्लेख भएको रु.१५००००।०० नै भुक्तानी दिएकोले वढी भुक्तानी हुन गएको रु.91980 असुल गर्नुपर्ने रु..... | ९१,९८० |
| ३७ | | | **गाउँपालिका पुँजीगत**<br><br>**सुनथरालि देखि गा पा सम्मको सडक** : संघिय समपुरकतर्फ पालिकाले सुनथरालि देखि गा पा सम्मको सडक निर्माणको लागि च्यानेज( ६+६०० देखि ८+५५०) सम्म १९५० मिटर सडक स्तरोन्नति र (0+00 देखि १+९२०) सम्म १९२० सडकको | १४४,९६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नयाँ ट्र्याक खोल्न मू.अ. कर सहित रु.२५०००००००।०० को लागत अनुमान स्विकृत गरी ठेक्का प्रक्रिया मार्फत २०७९।३।२५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।११।१८ मा थोडुगं/बसना जे भि सँग सम्झौता गरेको छ। लागत अनुमान भन्दा ९.२१ प्रतिशत घटी रु.२२६९९३९४।२१ (मू अ कर सहित) घटी कार्य सम्पन्न देखिएको यस योजनाका अन्य व्यहोरा निम्न छन्:<br>क) सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ मा सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गरी कार्यसम्पादन जमानत दाखिला गराउनुपर्ने व्यवस्था छ । त्यस प्रकारको जमानत लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अंक कबोल गरेमा ५ प्रतिशत र १५ प्रतिशत भन्दा बढी कबोल गरेमा १५ प्रतिशत भन्दा जति घटी कबोल गरेको छ सोको ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी दाखिला गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले कार्यसम्पादनको लागि रु ११३४९६९।०० जमानत राख्नुपर्नेमा रु ९९००००।०० मात्र राखेको देखियो । नपुग थप कार्यसम्पादन जमानतको प्रमाण पेश गर्नुपर्ने रु...<br>ख) उक्त सडक निर्माणको लागि संघीय समपूरक र पालिकाबाट ५०:५० प्रतिशतको साझेदारी रही कार्य सुरु भएकोमा सम्झौता बमोजिमको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसक्का पालिकालाई रु ३०७०३९०।०० थप व्ययभार परेको छ । समयमै संघीय सरकारबाट समपुरक अनुदानको अख्तियार प्रदान गर्ने, निर्माण व्यवसायीलाई सम्झौता बमोजिम सयममै कार्यसम्पन्न गर्न जिम्मेवार बनाउने तथा कार्यालयको योजना अनुगमन प्रणालीलाई प्रभावकारी बनाई पालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी समपुरक अनुदानको पूर्ण उपयोग गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ । | |
| ३८ | | | **वीमा**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ को उपनियम (४) रु १० लाख भन्दा बढि रकममा सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकमको सबै किसिमको जोखिम वहन गर्ने गरी बीमा गर्नुपर्ने व्यवस्था छ ।निम्न निर्माण कार्यमा निर्माण व्यवसायीले पि एस आईटममा उल्लेखित बिमा बमोजिमको रकम भुक्तानी गरेकोमा भुक्तानी बमोजिमको बिमाको बिल पेश भएको देखिएन ।बिमा वापत भुक्तानी गरिएको रकमको बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु......... | १६०,२९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ र मिति</td><td>विवरण</td><td>निर्माण व्यवसायी</td><td>बिमा वापत खर्च लेखिएको रकम</td><td>भुक्तानी भएको बिमाको बिल पेश भएको रकम</td><td>फरक रकम</td></tr>
<tr><td>२६७-२०७९।३।२१</td><td>गाउँपालिका भवन प्लास्टर र फिनिसिगं</td><td>टि डि आर अभियान मगंलदिप जे भी</td><td>२०००००।००</td><td>१२१२७४।९९</td><td>७८७२५।००</td></tr>
<tr><td>३०५-२०७९।३।२५</td><td>सुनथरालि देखि पालिकासम्मको सडक निर्माण</td><td>थोदङ बसना जे भि</td><td>२८००००।००</td><td>२४८४२९।५९</td><td>३१५७०।००</td></tr>
<tr><td>८-०७९।३।२५</td><td>खोल्सि खोला ओडगाउँ देखि अभाने पानी सम्म खानेपानी निर्माण</td><td>डि एण्ड डि निर्माण सेवा</td><td>५००००।००</td><td>०।००</td><td>५००००।००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१६०२९५।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक नियकाले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायको प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रईङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नभएको कुरा प्राविधिक कर्मचारीबाट जाचँबुझ गराई कार्यसम्पन्न तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सम्पन्न भएका निम्नानुसारका ठेक्काको कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानी गरेकोमा उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको स्वीकार प्रतिवेदन तयार गरी उक्त निर्माण कार्यको त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।
<table>
<tr><th>निर्माण कार्यको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>कार्यसम्पन्न रकम</th></tr>
<tr><td>गाउँपालिका भवन प्लाष्टर फिनिसिङ</td><td>टि डि आर अभियान मंगलदी जे भी</td><td>२८२१७९५३।८९</td></tr>
<tr><td>खोल्सि खोला ओडगाउँ देखि अभाने पानीसम्म खानेपानी</td><td>डि एण्ड डि निर्माण सेवा</td><td>१७९२२१५।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पेश्की<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । कार्यालयले यो वर्ष देहायका कर्मचारी/निर्माण व्यवसायी/संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।
<table>
<tr><th>मिति</th><th>गो भौ नं.</th><th>विवरण</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रु.</th></tr>
<tr><td>२०७८।१२।२४</td><td>९९</td><td>सुनथराली गाउँपालिका सडक निमार्ण</td><td>धाचुखोला जलविद्युत आयोजना</td><td>१९७९५९२</td></tr>
<tr><td>२०७८।०९।२०</td><td>२</td><td>झोलुङ्गे पुल</td><td>अम्रिलमाण्डु झोपु निमाण उस</td><td>८२४१४५</td></tr>
</table></td><td>२,८०३,७३७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा २८०३७३७ | |
| ४१ | | | **खरिद योजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२० करोड ४४ लाख ३६पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४२ | | | **उपभोक्ता समिति** | |
| ४२.१ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>सब कन्टक्याटरबाट काम गराएको : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्टक्यारबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले निम्नानुसार सडक निर्माणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यवसायीबाट काम गराएको देखियो । उपभोक्ता समितिले पालिकासँग सम्झौता गरी कामको जिम्मेवारी लिने, आफुले लिएको काम पुन निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीमा भएको व्यवस्था विपरित देखिएकोले काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिश कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाई नियममा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।
<table>
<tr><th>गौ भो र मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम</th></tr>
<tr><td>४२-२०७८।१०।२७</td><td>घट्टेखोला नुवादेवभाड हुदै सैमेखोलासम्म सडक निर्माण योजना खण्ड ख उ स</td><td>नरेश एण्ड दिनेश निर्माण सेवा</td><td>१०६२१९३</td></tr>
<tr><td>१२०-२०७९।१।९</td><td>लालिघाट सुनथराली हुदै बडिमालिकासम्म सडक निर्माण उ स</td><td>नरेश एण्ड दिनेश निर्माण सेवा</td><td>२८६७६९८</td></tr>
<tr><td>१२३-२०७९।१।९</td><td>लालिघाट देखि चुलडाडाँसम्म सडक मर्मत उ स</td><td>मालिका कन्स्ट्रसन</td><td>११०८५७४</td></tr>
<tr><td>१२५-२०७९।१।१९</td><td>चुलठा देखि पालिकासम्म सडक मर्मत उ स</td><td>नरेश एण्ड दिनेश निर्माण सेवा</td><td>१३४४९९०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२७-२०७९।१।१९</td><td>हलेशे देखि पिपलरुखसम्म सडक निर्माण उ स</td><td>डि एन रावल निर्माण सेवा</td><td>१६२३३६२</td></tr>
<tr><td>१२८-२०७९।१।१९</td><td>खुलालु देखि हलेसेसम्म सडक मर्मत उ स</td><td>मानसिहं कन्स्ट्रक्सन एण्ड इक्यूपमेन्ट प्रा लि</td><td>१७७४०३८</td></tr>
<tr><td>१५३-२०७९।३।१</td><td>छिल्चे गाबुखोला रामारोशन पर्यटकिय मार्ग उ स</td><td>डि एन रावल निर्माण सेवा</td><td>३६१६४६५</td></tr>
<tr><td>१७१-२०७९।३।५</td><td>बासखोला देखि थाडिमाडुसम्म सडक निर्माण उ स</td><td>मानसिहं कन्स्ट्रक्सन एण्ड इक्यूपमेन्ट प्रा लि</td><td>९६४९२२</td></tr>
<tr><td>१७५-२०७९।३।५</td><td>घट्टेखोला नवादेव माड् हुदै सैने खोलासम्म सडक निर्माण खण्ड ख उ स</td><td>नरेश एण्ड दिनेश निर्माण सेवा</td><td>७३७३००</td></tr>
<tr><td>१८६-२०७९।३।७</td><td>सैनेखोला देखि नुवाटेवमाडूसम्म सडक निर्माण उ स</td><td>नरेश एण्ड दिनेश निर्माण सेवा</td><td>९१९९८५</td></tr>
<tr><td>२१८-२०७९।३।२०</td><td>बावनगाउँ देखि अयरपालतसडक निर्माण उ स</td><td>मानसिहं कन्स्ट्रक्सन एण्ड इक्यूपमेन्ट प्रा लि</td><td>१२८१८९४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **सामाजिक सुरक्षा**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले त्रैमासिक रुपमा वैङ्कमा निकासा गरेको रकम मध्ये वितरण नभई बाँकी रहेकोमा सोही वखत फिर्ता गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्ने गरेको देखिन्छ। त्रैमासिक रुपमा खर्च लेखी वितरण गर्ने गरेकोमा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायले वैंकबाट फिर्ता गरी संञ्चित कोषमा दाखिला गर्ने व्यवस्था प्रभावकरी रुपमा कार्यान्वयन हुनु पर्दछ । | |
| ४४ | | | **वडा कार्यालयको राजस्व**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ वमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा भोलीपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । उपदफा २ मा तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० दिन सम्म दिला गरेको भए दाखिला गर्न वाँकी रकम र १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलो गरेको भए जरिवानाको साथै कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तरगतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखापरीक्षण गरिएकोमा वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन । वडा कार्यालयबाट भएको आम्दानी रकम सर्वैजसो वडा कार्यालयका जिम्मेवार कर्मचारीहरुले वर्षान्तमा एकै पटक सम्बन्धित खातामा बैक जम्मा गर्ने गरेको देखियो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैक दाखिला गरेको विवरणमा भिडान गर्ने कार्यमा कार्यालयले ध्यान दिएको देखिएन ।साथै लेखापरीक्षणमा कार्यालयले उपलब्ध गराएको वडा कार्यालयहरुले राजश्व आम्दानी तथा दाखिला गरेको विवरण अनुसार २०७७ साउन देखि असार महिनासम्मको राजस्व देहाय अनुसार ढिला गरि | ४७,९९४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दाखिला गरेको देखियो ।मासिक रुपमा उठेको राजस्वको वडागत विवरण प्राप्त नभएकोले तिर्नुपर्ने जरिवाना यकिन हुन सकेन । तसर्थ तोकिएको समय भन्दा ढिलो दाखिला भएमा १० प्रतिशत जरिवाना गर्ने व्यवस्था ऐनको व्यवस्था वमोजिम पालिका स्वयले यकिन गरी जरिवाना असुल गर्नुपर्ने देखिएको रु.....
<table>
<tr><th>वडा नं.</th><th>जिम्मेवार व्यक्तिको नाम</th><th>आम्दानी रु.</th><th>दाखिला मिति</th><th>दाखिला रु.</th></tr>
<tr><td>१</td><td>उदयराम बिष्ट</td><td></td><td></td><td>७१२५४</td></tr>
<tr><td>२</td><td>लोकेन्द्र बहादुर बुढा</td><td>५६२२९</td><td>२०७८।१०।०६<br>२०७८।११।१३<br>२०७९।०३।२४</td><td>५१०९१</td></tr>
<tr><td>३</td><td>धन बहादुर बुढा</td><td>३१४९७</td><td>२०७९।०५।०१</td><td>२६४००</td></tr>
<tr><td>४</td><td>डण्डमान बोगटी</td><td>६३७४१</td><td></td><td>६३७४१</td></tr>
<tr><td>५</td><td>पर्व बहादुर सहकारी</td><td>६२८१०</td><td></td><td>६२८१०</td></tr>
<tr><td>६</td><td>नरेन्द्र बिक</td><td>४८८८७</td><td></td><td>४८८८७</td></tr>
<tr><td>७</td><td>लक्ष्मण खड्का</td><td>१७५७५</td><td></td><td>१७५७५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>८</td><td>मिन बहादुर बोगटी</td><td>५०२५८</td><td></td><td>५०२५८</td></tr>
<tr><td>९</td><td>नामकर उपाध्याय</td><td>७७६९०</td><td></td><td>७७६९०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४७९९४१</td><td></td><td>४७९९४१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>राजस्व अभिलेख<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>४६.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१५ लाख ७५ हजार ८४ अर्थात अनुमान भन्दा ६३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४६.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>३९५४५७५६७</td><td>१२५२२८५</td><td>०.३१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४६.३</td><td></td><td></td><td>एक्साभेटर: पालिकामा रहेको एक्साभेटरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.११८९९५४।१४ र स्काभेटर सहयोगी, स्काभेटर सहयोगी अपरेटर र स्काभेटर चालकतर्फ रु.७१५०००।०० समेत रु १९०४९५४।१४ खर्च गरेकोमा उक्त एक्साभेटर भाडामा लगाए बापत प्राप्त गरेको आम्दानीको अभिलेख कार्यालयले राखेको देखिएन । साथै पालिकाले आफ्नो एक्साभेटर हुदाँ समेत लाम्रा फिल्ड निर्माण योजनाको लागि पञ्चदेवल निर्माण सेवासँग रु ९४५३१५।३९ को सेवा खरिद गरेको छ। पालिकाले आफ्नो एक्साभेटरको अधिकतम उपयोग गरी सो वापत प्राप्त आम्दानीको पूर्ण अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>अनुगमन तथा संम्परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।</td><td></td></tr>
</table>